# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

स्था: २०७३

पुजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४
चलानी नं:

**५०% अनुदानमा बाग्लिबाङमा सहकारी मार्फत केराउ/ मटर खेती बिस्तार कार्यक्रमको प्रस्ताव आह्वान सम्वन्धी सूचना**
**प्रथम पटक सूचना प्रकाशन मिति-२०८३/०६/०६**
**सूचना नं: २३/२०८३/०८४**

गौमुखी गाउँपालिकाको आ.व २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालित ५०% अनुदानमा बाग्लिबाङमा सहकारी मार्फत केराउ/ मटर खेती बिस्तार कार्यक्रम संचालन गर्नुपर्नेभएको हुँदा गौमुखी गाउँपालिका वडा नं ४ पुजा बाग्लिबाङमा संचालित सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी कृषि बिकास शाखामा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि गौमुखी गाउँपालिकाको, कृषि विकास शाखामा सम्पर्क गर्न सकिने छ।

तपसिल

| क.सं. | कार्यक्रमको नाम | कार्यक्रम लागु हुने क्षेत्र | लक्षित वर्ग | कैफियत |
|---|---|---|---|---|
| १ | बाग्लिबाङमा सहकारी मार्फत केराउ/ मटर खेती बिस्तार कार्यक्रम | गौमुखी - ४ , बाग्लिबाङ | गौमुखी -४, बाग्लिबाङमा रहेका सहकारीहरु | |

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजहरुः

१. प्रस्तावकको सक्कल निवेदन।
२. प्रस्तावक (प्रस्ताव पेश गर्ने )सहकारीका सदस्यहरुको नागरिकताको प्रतिलिपि।
३. सहकारीको नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि।
४. स्थायी लेखा नम्बरप्रमाण-पत्रको प्रतिलिपि।
५. कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
६. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र कार्यक्रम माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. खरिद गरिने यन्त्र /औजारको हकमा मेकानिकल ईन्जिनियरले तयार गरिएको लागत अनुमान।
९. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि।
१०. ५०% लगानी गर्नुपर्ने रकमको सुनिश्चितता अनिवार्य गर्नुपर्ने छ।
११. ३ आर्थिक वर्ष भित्र यसै प्रकृतिको कार्यक्रममा सहकारि वा सहकारिका कुनै सदस्यहरुले सरकारी निकायवाट कुनै अनुदान नलिएको स्व- घोषणा पत्र।

नोटः अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलि पल्ट आवेदन दिन सकिनेछ।

दुर्गा प्रसाद सुबेदी
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री सूचना तथा प्रविधि शाखा, सूचना Website मा अपलोड गरी, सम्बन्धित वडामा E- mail गरी जानकारी पठाई दिनु हुन।



www.gaumukhimun.gov.np gaumukhirm2073@gmail.com 9857836319